आज मिति २०८१ साल आश्विन १७ गते श्री डिभिजन वन कार्यालय अर्घाखाँचीका सिनियर डिभिजनल वन अधिकृत श्री मोहन श्रेष्ट ज्यू र डिभिजन वन कार्यालय कपिलवस्तु (कपिलवस्तु) का सिनियर डिभिजनल वन अधिकृत श्री अजित कुमार कर्णज्यूको विशेष उपस्थिति एवं लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालयका अधिकृतहरूको सहभागितामा तपसिल बमोजिमको उपस्थितमा दुवै डिभिजन वन कार्यालयको समन्वय तथा संयूक्त सिकाई आदान प्रदान बैठक सम्पन्न गरियो।

**उपस्थितिः**

श्री मोहन श्रेष्ठ, सिनियर डिभिजनल वन अधिकृत, डि.व.का. अर्घाखाँची

श्री अजित कुमार कर्ण, सिनियर डिभिजनल वन अधिकृत, डि.व.का. कपिलबस्तु (कपिलबस्तु)

श्री मदन ढुङ्गाना, बरिष्ठ वन अधिकृत, डि.वं.का. अर्घाखाँची

श्री गणेश कुमार थारु, बरिष्ठ वन अधिकृत, डि.व.का. अर्घाखाँची

श्री टोलकराज चापागाई, बरिष्ठ वन अधिकृत, वन तथा वातावरण मन्त्रालय राप्ती उपत्यका (देउखुरी) नेपाल

श्री सुशिल सुवेदी, बरिष्ठ वन अधिकृत, वन तथा वातावरण मन्त्रालय राप्ती उपत्यका (देउखुरी) नेपाल

श्री यादव सपाकोटा, बरिष्ठ वन अधिकृत, डि.व.का. कपिलबस्तु (कपिलबस्तु)

श्री पंकज झा, सहायक वन अधिकृत, वन तथा वातावरण मन्त्रालय राप्ती उपत्यका (देउखुरी) नेपाल

श्री केशर खड्का, सहायक वन अधिकृत, डि.व.का. अर्घाखाँची

श्री अरुण कुमार आचार्य, अधिकृत, डि.व.का. अर्घाखाँची

**प्रस्तावहरुः**

(१) डिभिजन वन कार्यलाय, अर्घाखाँची र डिभिजन वन कार्यलाय, कपिलबस्तु (कपिलबस्तु) को कार्य प्रगति र कार्यसम्पादन समिक्षा सम्बन्धमा।

(२) डिभिजन वन कार्यलाय, अर्घाखाँची र डिभिजन वन कार्यलाय, कपिलबस्तु (कपिलबस्तु) बिच वन क्षेत्रको संरक्षण सम्बन्धमा।

(३) विविध

## निर्णयहरु:

(१) दुवै डिभिजन वन कार्यालयहरुको हाल सम्मको कार्य प्रगति र जिल्लामा भएका समस्या र संभावनका विषयमा विस्तृत छलफल गरियो। दुवै डि.व.का. हरुको असल अभ्यास र नविनतम काममा आ-आफ्नो अनुभव आदान प्रदान गरियो।

(२) डिभिजन वन कार्यलाय, अर्घाखाँचीको कार्यक्षेत्र र डिभिजन वन कार्यालय कपिलबस्तुको कार्यक्षेत्रका सिमाक्षेत्रमा वनक्षेत्रहरुमा दुवै डिभिजनले समन्वय र सहकार्यमा सव-डिभिजनहरुलाई परिचालन गरि संरक्षण कार्यमा बिशेष ध्यान दिने निर्णय गरियो।

(३) डिभिजन वन कार्यलाय, कपिलबस्तु (कपिलबस्तु) र अर्घाखाँचीको सिमानामा विगत लामो समय देखि श्री शमशेर दल गण गोरुसिङ्गेबाट दुवै जिल्लाको सिमानामा रहेको अन्दाजी ३६९१ विगाहा जग्गाको उपयोग सम्बन्धमा श्री शमशेर दल गण तथा दुवै जिल्लाका उक्त क्षेत्रका सिमानामा रहेका विभिन्न सामुदायिक वन उपभोक्ता विच उक्त क्षेत्रको उपयोग सम्वन्धमा फरक फरक बुझाइका कारण द्विविधा उत्पन्न भएकोले सो सम्बन्धमा समान बुझाई सम्बन्धि छलफल गरियो। यसमा तत्कालिन श्री ५ को सरकार रक्षा मन्त्रालयको मिति २०५५/११/२४ खण्ड ४८ संख्या ४६ नेपाल राजपत्र भाग ४ मा प्रकाशित सुचनाको बुँदा नं. ९ मा उक्त जग्गाको उपयोग सम्बन्धमा भएको व्यवस्थाको उद्देश्य र सो सम्बन्धि पछिल्लो समयमा विकशित घटनाक्रम सम्बन्धमा श्री वन तथा वातावरण मन्त्रालय, रासी उपत्यका (देउखुरी) नेपालमा जानकारी गराउने निर्णय गरियो।